# सार्वजनिक स्कूलेशिक्षाको न्यूनतम मापदण्डमा पुनर्विचार

**२०६३ साल, असार ४ गते आइतबार**
*याक प्यालेस, पुल्चोक, ललितपुर*

प्रस्तोता– डा. शान्ता दीक्षित

---

मापदण्डका न्यूनतम पूर्वाधारहरू त्यो पनि राष्ट्रिय स्तरमा विद्यालयहरूमा हुनुपर्ने न्यूनतम मापदण्डहरू निर्क्यौल गर्नु एक कठिन कार्य हो । सार्वजनिक/सरकारी विद्यालयअन्तर्गत पनि विभिन्न सुविधा र शैक्षिक स्तर रहने गरेको छ । धेरैजसो विद्यालयमा शैक्षिक मापदण्डको अवस्था दयनीय छ । परिणामस्वरूप त्यस्ता विद्यालयहरूले बालबालिकाहरूको समग्र विकास हुने किसिमबाट आफूलाई निर्माण गर्न सकेका छैनन् र बालबालिकाहरूलाई सदैव परिवर्तनशील विश्वसमाजमा सम्मानपूर्वक बाँच्नका लागि चाहिने सीप दिन सकेका छैनन् ।

व्यावहारिक तरिकाबाट शिक्षाका न्यूनतम मापदण्डहरू तोक्न सकिन्छ तर यो कार्य नीतिनिर्माताहरूले देशको भविष्यलाई कसरी हेरेका छन् भन्ने कुरामा निर्भर रहन्छ । यदि देशको भविष्यलाई गम्भीरतापूर्वक हेरिएको छ भने यस शताब्दीमा देश हाँक्ने अहिलेका बालबालिकाहरू पढ्ने सार्वजनिक विद्यालयहरूमा अधिकतम स्तरका मापदण्डहरू तोक्नु अपरिहार्य भएको छ तर यदि नीतिनिमाणकर्ताहरू र त्यस नीतिलाई कार्यान्वयन गर्ने व्यक्तिहरू यथाअवस्थामै खुसी छन् भने अहिले जे छ, त्यो नै पर्याप्त छ । एउटा नमुना विद्यालय कस्तो हुन्छ र अहिलेको अवस्था कस्तो छ, यही यथार्थबीचको अन्तरमा काम गर्नु आवश्यक छ । अहिले हामीले निर्माण गर्ने मापदण्डले नै नेपालको भविष्य सुनिश्चित गर्न सक्छ तर कागजी मापदण्ड मात्र भएर पुग्दैन, शिक्षाक्षेत्रसित सम्बद्ध नीतिनिर्माणदेखि व्यक्तिगत विद्यार्थीको तहसम्म (जो अन्तिम सेवाग्राही हो) सबैले प्रभावकारी शिक्षाका लागि कडा परिश्रम गर्नै पर्छ ।

अहिले बदलिएको राजनैतिक परिदृश्यसँगै विशेषगरी शिक्षामा काम गर्ने सबैको जिम्मेवारी “अब नेपालको शिक्षामा ध्यान पुऱ्याइन्छ र अहिलेसम्म विशेषगरी पर्याप्त शैक्षिक स्रोतहरू पुग्न नसकेका देशभरिका विद्यालयहरूका निम्ति उच्चस्तरका मापदण्डहरू तोकिनेछन्” भन्नेलाई सुनिश्चित गर्नु रहेको छ । स्कूलेशिक्षा र त्यसमा पनि विशेषगरी प्राथमिक शिक्षालाई प्राथमिकता र महत्त्व दिइनुपर्छ ।

यस मस्यौदाले न्यूनतम मापदण्डहरू पूरा गर्न सघाउने वातावरणलाई औंल्याएको छ र यसका लागि नेपालको शिक्षा-प्रणालीअन्तर्गत विभिन्न तहबाट लिइनुपर्ने निर्णय र गर्नुपर्ने कामहरू प्रस्टचाएको छ । साथै यसलाई अन्तिम रूप दिन आउने टिप्पणी र सुझाउहरूलाई स्वागत गरिन्छ ।

**केन्द्रीय तहमा**

क. राजनीतिबाट आउन सक्ने तदर्थवाद र कृपा/निगाहबाट प्रभावित नहुने गरी शिक्षाक्षेत्रलाई पेसागत क्षेत्रका रूपमा विकास गर्ने,
ख. शिक्षाक्षेत्रलाई पारदर्शी बनाउने, यहाँसम्म कि एजुकेसन कन्सल्टचान्टको छनोट गर्ने तहमा पनि,
ग. शिक्षामा काम गर्ने सबैको मापदण्ड तोक्ने र यस्ता मापदण्डहरू सबै तहबाट पूरा भएको छ भन्नेलाई सुनिश्चित गर्ने,
घ. व्यावहारिक रूपले सम्भव भएसम्म स्थानीय शिक्षकहरूको नियुक्ति गर्ने, सम्बन्धित विद्यालयलाई उपयुक्त हुने व्यक्ति शिक्षकमा नियुक्ति गर्ने अधिकारलाई विकेन्द्रित गर्ने,
ङ. तालिमयुक्त शिक्षकको नियुक्ति गर्ने, राम्रो तलब दिने र उनीहरूको सुविधा सुनिश्चित गर्ने,

च. देशभरिका प्रत्येक विद्यालयमा आवश्यक सङ्ख्यामा शिक्षक छन् भन्ने सुश्चित गर्ने,

छ. हिमाली क्षेत्रमा पातलो बस्ती भएका विद्यालयहरूमा बहुकक्षा शिक्षण (Multi-grade teaching ) लागू गर्ने र त्यसका लागि चाहिने प्रभावकारी तालिम सुरु गर्ने,

ज. तराईक्षेत्रमा न्यूनतम मापदण्डमा तोकिएअनुसार शिक्षक-विद्यार्थीको अनुपात पर्याप्त छ भन्नेलाई सुनिश्चित गर्ने, नेपाल सरकारले कम्तीमा पनि एउटा कक्षामा एउटा शिक्षकको व्यवस्था गर्नुपर्छ र कम्तीमा पनि कक्षा ३ सम्मका लागि महिला शिक्षकलाई विशेष प्राथमिकता दिनुपर्छ । तराईका विद्यालयहरूमा एउटा कक्षालाई सेक्सनमा छुट्ट्याइनुपर्छ र आवश्यकताअनुसारको मात्रामा शिक्षक उपलब्ध गराउनुपर्ने,

झ. जिल्ला शिक्षा अधिकारीहरूमा अन्तरजिल्ला प्रतिस्पर्धा गराइनुपर्छ र विद्यालयसुधारमा मेहनत गरेका जिल्ला शिक्षा अधिकारीहरूलाई पुरस्कृत गरिनुपर्न,

ञ. केन्द्रबाट प्रमुख निर्णय लिनुपर्ने वा नीतिगत परिवर्तनको परिकल्पना गर्दा वा योजना बनाउँदा जिल्ला स्तरीय प्रतिनिधित्वलाई सुनिश्चित गर्ने,

ट. नीतिगत परिवर्तन हुँदा त्यसको कार्यान्वयनमा पर्याप्त जनशक्ति, सहयोग र सुपरिवेक्षणको संयन्त्रलाई सुनिश्चित गर्ने, जस्तो– कक्षा १ देखि अङ्ग्रेजी शिक्षण लागू गर्ने भनेपछि देशको प्रत्येक प्राथमिक विद्यालयमा कम्तीमा पनि अङ्ग्रेजी पढाउन सक्ने एक जना शिक्षक छ भन्नेलाई सुनिश्चित गरिएको हुनुपर्ने, अङ्ग्रेजीशिक्षणका लागि न्यूनतम मापदण्ड १० +२ मा अङ्ग्रेजी मुख्य विषय भएको हुनुपर्ने,

ठ. अलाभान्वित क्षेत्रहरूलाई समेट्न त्यस्ता क्षेत्रहरूमा बढी स्रोतपरिचालनको प्रावधान हुनुपर्ने, विशेषगरी सरकारी स्तरबाट बढी गरिबी भएका क्षेत्रहरूमा अतिरिक्त सहयोग दिने र काठमाडौँजस्ता ठाउँहरू, जहाँ स्थानीय समुदाय र निजी विद्यालयहरूले शिक्षासुधारका लागि सहयोग पुर्‍याउन सक्छन्, त्यहाँ सरकारी तहबाट कम सहयोग दिने,

ड. विद्यालयबाट जिल्ला र जिल्लाबाट केन्द्रमा पठाइने तथ्याङ्कहरू वास्तविक हुन् वा यथार्थ तथ्याङ्क आएको छ भन्नेलाई सुनिश्चित गर्ने, यसो भएमा मात्रै उपयुक्त योजना बन्न सक्ने,

ढ. शिक्षक नियुक्ति गर्नुअगि कति सङ्ख्यामा विद्यार्थी हुनुपर्छ भन्ने नियमलाई पुनरमूल्याङ्कन गर्नुपर्ने, यसो गरिएमा अहिलेको जस्तो वास्तविक तथ्याङ्क लुकाउने परिपाटी हट्ने,

ण. चाँडोचाँडो सरुवा गर्ने निरर्थक अभ्यास सुधार्नुपर्ने, सम्बन्धित अधिकृत जिल्लामा गइसकेपछि उसलाई काम गर्ने र सकारात्मक नतिजा देखाउने समय दिइनुपर्ने, सकारात्मक नतिजा देखाउन मनिसले कम्तीमा पनि एउटा ठाउँमा ३-४ वर्ष काम गर्ने समय पाउनुपर्ने,

त. स्रोतको अधिकतम सदुपयोग हुने र सबैले एउटै सन्देश पाउने गरी शिक्षाअन्तर्गतका विभिन्न निकाय/विभागहरूबीच अर्थपूर्ण समन्वय हुनु जरुरी हुने ।

**जिल्लातहमा जिल्ला शिक्षा कार्यालय**

क. जिल्लामा रहेका विद्यालयहरूको प्रभावकारी सुपरिवेक्षणलाई सुनिश्चित गर्ने,

ख. राम्रो काम गरेका विद्यालय, प्रधानाध्यापक र शिक्षकहरूलाई साँचो अर्थमा सम्मान हुने गरी पुरस्कृत गर्ने,

ग. जिल्ला शिक्षा अधिकारीले आफू गएको जिल्लामा पहिलो एक वर्षभित्रमा सबै विद्यालयहरूको प्रतिनिधित्व हुने गरी जिल्लाको १०% विद्यालयहरूको सुपरिवेक्षण गर्ने, यस्तो सुपरिवेक्षणमा सबै स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरू समेटिने कुरालाई सुनिश्चित गर्ने,

घ. जिल्ला शिक्षा अधिकारीले प्रधानाध्यापक, विद्यालय निरीक्षक र विद्यालयका सरोकारवालाहरूसित बैठक गर्ने परिपाटी बसाल्ने,

ङ. प्रत्येक विद्यालयबाट पठाइने तथ्याङ्क/जानकारीहरू सत्य हुन्छ भन्ने सुनिश्चित गर्ने, यसले उपयुक्त योजना बनाउन र स्रोतको न्यायोचित वितरण गर्ने मौका दिने,

च. क्षेत्रीयस्तरको बैठक र केन्द्रीय सरकारीतहमा जिल्ला शिक्षा अधिकारीहरूलाई जिल्लाको अनुभवबाट सहयोग पुर्‍याउने मौका दिने,

छ. प्रत्येक जिल्ला शिक्षा अधिकारीले चरणबद्ध रूपमा जिल्लाको शैक्षिक सुधारको योजना बनाउने,
ज. जिल्लामा रहेका अरू विद्यालयहरूले सिक्ने गरी जिल्ला शिक्षा अधिकारीले जिल्लाका केही विद्यालयहरूलाई नमुना विद्यालय बनाई त्यसबाट अरूलाई सिक्ने मौका दिने,
झ. आफ्नो जिल्लाका स्कूलहरूमा दिइएको दरबन्दीअनुसार शिक्षक कार्यरत छन्, उनीहरूले राम्रो काम गर्छन् भन्ने सुनिश्चित गर्न मेहनतका साथ कार्य गर्ने,
ञ. विद्यालयहरूको सहभागितामा शिक्षक नियुक्तिका आधारहरू तोक्ने र नियुक्ति गर्दा यस्ता आधारहरू परिपूर्ति गरिएका छन् भन्ने कुरा सुनिश्चित गर्ने,
ट. अन्य सामाजिक सवालका लागि जिल्ला शिक्षा कार्यालय धाउने, अधिकारीलाई भेट्ने र अधिकारीलाई सहयोग गर्ने मानिसहरू पुरस्कृत हुनबाट रोक्ने, प्रधानाध्यापक/शिक्षक मूल्याङ्कनका आधारहरू निर्माण गर्ने, यसलाई पारदर्शी बनाउने र त्यसको पालना गर्ने,
ठ. विद्यालयका प्रधानाध्यापकहरूसित नियमित रूपले वर्षमा केही बैठकहरू गर्ने कुरालाई सुनिश्चित गर्ने,
ड. जिल्ला शिक्षा अधिकारीले विद्यालय निरीक्षकहरूबाट इमानदारीपूर्वक काम भएको छ भन्ने सुनिश्चित गर्ने,
ढ. जिल्ला शिक्षा अधिकारीले आफूले गर्ने कामको कदर गर्ने र सो कामलाई दिनुपर्ने महत्त्व दिने,
ण. जिल्ला शिक्षा अधिकारीहरूले जिल्लाको शिक्षा-प्रणालीअनुसार आफू एउटा सेवक हुँ भन्ने तथ्य व्यक्तिगत, पेसागत र सामाजिक तहबाट झल्काउनुपर्ने,
त. जिल्लामा शिक्षामा काम गर्ने सम्पूर्ण निकाय र सङ्घ-संस्थाहरूबाट हुने क्रियाकलापसित समन्वय राख्ने जिम्मेवारी जिल्ला शिक्षा अधिकारीको हुने ।

**विद्यालय-निरीक्षक र स्रोतव्यक्ति**

क. नियमित किसिमले विद्यालयमा जाने र विद्यालयलाई आवश्यक शैक्षणिक वा प्राविधिक सहयोग जुटाइदिने काम विद्यालय-निरीक्षक र स्रोतव्यक्तिको हुने,
ख. विद्यालय-निरीक्षक/स्रोतव्यक्तिले विद्यालयको नकारात्मक वा कमजोर पक्ष मात्रै उठाउने नभई विद्यालयलाई त्यसको विकासप्रक्रियामा सहयोग पुऱ्याउने र शिक्षक, प्रधानाध्यापकलाई अर्थपूर्ण तरिकाबाट विद्यालय चलाउनमा टेवा दिनु हो,
ग. विद्यालय-निरीक्षक/स्रोतव्यक्ति विद्यालय, समुदाय र जिल्ला शिक्षा कार्यालयबीचको प्रत्यक्ष सम्बन्ध/पुल हुने, विद्यालय-निरीक्षक/स्रोतव्यक्तिले आफ्नो पदीय महत्त्वलाई बुझेको हुनुपर्ने,
घ. स्रोतव्यक्तिले विद्यालयको पठनपाठनको सुधारमा सहयोग पुऱ्याउनुपर्ने र विद्यालयको समग्र उन्नति र विकासमा मदत गर्नुपर्ने,
ङ. विद्यालयको विकासमा टेवा पुग्ने जिम्मेवारीहरू स्रोतव्यक्तिहरूलाई दिइनु आवश्यक हुने ।

**विद्यालय**

***प्रधानाध्यापक विद्यालयका लागि एउटा आदर्श व्यक्ति हुन् । प्रधानाध्यापकहरूलाई यी कार्यहरू गर्न सक्षम तुल्याउनु आवश्यक छ :***

क. शिक्षक र कर्मचारीहरूलाई सुपरिवेक्षण गर्ने र तिनलाई सघाउने,
ख. विद्यालयमा हुने दैनिक क्रियाकलापहरूको राम्ररी व्यवस्थापन गर्ने,
ग. अभिभावक र समुदायबाट अनुकूल सहयोग लिन सक्ने,
घ. पेसागत तरिकाले स्रोतको बाँडफाड गर्न सक्ने,
ङ. समुदायमा रहेका र समुदायबाहिरका विभिन्न सङ्घसंस्थाहरूबाट स्रोत जुटाउने,
च. विद्यालयमा लागू गर्नुपर्ने शैक्षिक र विकासका पक्षहरू समेट्ने गरी विद्यालय सञ्चालनको वार्षिक पात्रो (क्यालेन्डर) र कार्यसूची बनाउने, त्यसमा कम्तीमा पनि यी पक्षहरू समावेश भएको हुनुपर्ने :
    १. शैक्षिक
    २. शिक्षक/कर्मचारीको बैठक र तालिम

३. सामाजिक– गीत, नृत्य, अभिनय, वादविवाद, खेलकुद आदि
४. अभिभावकको सहभागिता र कार्यशाला
५. बिदाका दिनहरू

छ. विद्यालयको दैनिक शैक्षिक कार्यतालिका विद्यार्थी र उनीहरूको सिकाइका आवश्यकताअनुसार लचकदार बनाउनुपर्ने,

ज. स्थानीय आवश्यकता र सन्दर्भअनुसार विद्यालयको पात्रो बनाउने,

झ. आफ्नो समुदाय र सरकारी/गैरसरकारी क्षेत्रमा विद्यालयको प्रतिनिधित्व गर्ने,

ञ. विद्यार्थीहरूबाट सामाजिक क्रियाकलाप सञ्चालन गरी विद्यालय र समुदायबीच सम्बन्धको विकास गर्ने,

ट. भौतिक पूर्वाधार निर्माण– विद्यालयको मेन्टेनेन्स र उन्नतिमा आवधिक योजना निर्माण गर्ने,

ठ. शिक्षण र सिकाइलाई चाहिने न्यूनतम तर अति आवश्यक सामग्री जुटाउने,

ड. विद्यालयका सबै शिक्षक/कर्मचारीलाई निष्पक्ष र सम्मानजनक व्यवहार गर्ने, उनीहरूको पेसागत र व्यक्तिगत समस्याहरू सुन्ने र त्यसको समाधानमा सहयोग पुऱ्याउने,

ढ. आदर्श व्यवहार प्रदर्शित गर्ने र विद्यालयका नियमहरूमा अडिक रहने, यदि प्रधानाध्याक आफै समयमा विद्यालय आउने र विद्यालयलाई ध्यान दिने गरेमा सबैले त्यसै गर्छन् । यदि प्रधानाध्यापकले नै बेवास्ता गरेमा त्यसको दु:खपूर्ण परिणाम चाँडै नै विद्यालयसमुदायमा देखिन थाल्ने,

ण. प्रधानाध्याकले शिक्षक र विद्यालयपरिवारसित सम्बन्धित अन्य व्यक्तिहरूको भूमिका प्रस्ट पार्नुपर्ने, पढाउने काममा मात्रै नभई विद्यालयको अतिरिक्त क्रियाकलाप र उनीहरूमा भएका विशेष खूबीको आदानप्रदान गर्ने काममा पनि भूमिका तोकिनुपर्ने,

त. आर्थिक कारोबारका रेकर्डहरू पारदर्शी बनाउने र त्यसलाई अभिभावक र विद्यालय व्यवस्थापन समितिसमक्ष राख्ने,

थ. विद्यालयमा देखिएका सवालअनुसार निर्णय गर्ने कुरामा अभिभावक, शिक्षक वा विद्यालय व्यवस्थापन समितिलाई सहभागी बनाउने ।

## शिक्षक

***शिक्षक विद्यालयका मेरुदण्ड हुन् र उनीहरूबाट धेरै कुराहरूको अपेक्षा गरिएको हुन्छ ।***

### *१. शिक्षक जहिले पनि*

क. एउटा आदर्श व्यक्तित्व हुन् ।
ख. निष्पक्ष र इमानतारितापूर्वक व्यवहार गर्छन् ।
ग. अभिभावकहरूलाई कक्षामा स्वागत गर्छन्, उनीहरूबाट कक्षाको दैनिक र विशेष क्रियाकलापमा सहयोग खोज्छन् ।
घ. अन्य शिक्षक र समकक्षीसित जिम्मेवारीको आदानप्रदान गर्छन् ।
ङ. विद्यार्थी र विद्यालयको विकासमा अरूसित मिलेर काम गर्न सक्छन् ।

### *२. कक्षाकोठामा शिक्षक*

*अ. शिक्षकले विद्यार्थीमा सामाजिक-भावनात्मक पक्षको विकास गर्छन् र :*

क. कक्षामा विद्यार्थीहरूका निम्ति सुरक्षित र भयरहित सिकाइको वातावरण निर्माण गर्छन् ।
ख. विद्यार्थीको स्वमूल्य र आत्मसम्मानलाई बढावा दिन्छन् ।
ग. सक्रिय अध्यता र आफूले निर्णय गर्न सक्ने ‘जिम्मेवार-विद्यार्थी’ बनाउन अभिप्रेरित गर्छन् ।
घ. विद्यार्थीहरूमा विवेकसम्मत तरिकाबाट उच्चाकाङ्क्षा राख्न लगाउँछन् र ती आकाङ्क्षाहरूलाई परिपूर्ति गर्न सघाउँछन् ।
ङ. कक्षामा विश्वासको वातावरण सिर्जना गर्छन् ।

च. शारीरिक/भौतिक सजायलाई निरुत्साहित गर्छन् र विद्यार्थीको अवस्थाबाट फाइदा लिने काम गर्दैनन् ।
छ. विद्यार्थीलाई आदर्श नागरिकका सीप, शान्ति र सामाजिक दायित्व सिकाउँछन् ।
ज. अभिभावकहरूसित राम्रो सम्बन्ध कायम राख्छन् । भेटघाटमा उनीहरूका छोराछोरीले कसरी उन्नति गरेका छन् भन्ने विषयमा कुराकानी गर्छन् ।
झ शिक्षक पनि मानव हुन् र उनीहरूको पनि सीमारेखाहरू हुन्छन् तर विद्यार्थीहरूलाई उनीहरूले सकेजति गर्नेछन् भन्ने कुरा प्रदर्शन गर्न सक्षम हुन्छन् ।
ञ. विद्यार्थीहरूको सम्मान गर्छन् ।
ट. विद्यार्थीहरूलाई गल्ती गर्ने मौका दिन्छन् किनभने विद्यार्थीहरूले आफ्नो गल्तीबाटै राम्ररी सिक्छन् ।
ठ. विद्यार्थीहरूको समग्र विकासलाई हेर्छन् ।

*आ. निम्नलिखित कुराहरूबाट विद्यार्थीको शैक्षिक विकास गर्छन् :*

क. अर्थपूर्ण पाठयोजना बनाएर,
ख. समयको महत्त्व दिएर र विद्यार्थीहरूले कक्षामा काम गर्ने समय बढाएर,
ग. विद्यार्थीहरूले कसरी सिक्छन् भन्ने बुझेर र यस ज्ञानलाई पढाउने काममा खर्चेर,
घ. प्रभावकारी शिक्षणका तरिकाहरू प्रयोग गरेर,
ङ. उनीहरूलाई उपलब्ध गराइएका तालिमका अवसरहरूमा सक्रिय सहभागी भएर,
च. विद्यार्थीहरूले कसरी सिकिरहेका छन् भन्नेबारेमा निरन्तर मूल्याङ्कन गरेर,
छ. त्रैमासिकको अन्तमा विद्यार्थीको वास्तविक उन्नति र विकासको मूल्याङ्कन गरेर,
ज. विद्यार्थीहरूलाई उनीहरूको शैक्षिक उन्नति र विकासमा सकारात्मक सुझाउ दिएर,
झ. पाठहरूलाई अर्थपूर्ण बनाउन उपलब्ध सबै शिक्षणसामग्रीको प्रयोग गरेर,
ञ. न्यूनतम खर्चमा वा खर्चै नलाग्ने गरी शिक्षणका सामग्रीहरू निर्माण गरेर,
ट. कक्षाकोठामा विद्यार्थीहरूको कुनै एक प्रतिभामा नभई बहुमुखी प्रतिभामा ध्यान पुऱ्याएर,
ठ. अभिभावकहरूलाई सकारात्मक सुझाउ दिएर र विद्यार्थीले गर्ने सबै खाले काममा अभिभावकलाई सहयोग गर्न सिकाएर,
ड. विद्यार्थीलाई आफ्नो लक्ष्यनिर्धारण गर्न सघाएर र उनीहरूलाई त्यो लक्ष्य पूरा गर्न मदत गरेर,
ढ. विद्यालयमा अभिभावकलाई बोलाएर उनीहरूसित बैठक गरेर, अभिभावकले आ-आफ्नो बच्चाको सबल पक्ष थाहा पाउने र भविष्यमा उसलाई सघाउने उपायहरू सिक्ने गरी सकारात्मक सुझाउ दिएर,
ण. विद्यालयको पात्रोअनुसार कक्षाभित्र र बाहिरका क्रियाकलापहरूको योजना बनाएर,
त. कक्षाका सिकाइहरूलाई विद्यार्थीको वास्तविक/दैनिक जीवनसित सम्बन्धित गरेर ।

**विद्यार्थी**

विद्यार्थीको उन्नति र उसमा जिम्मेवारीपनको विकास गर्नु अति महत्त्वपूर्ण हुन्छ । प्राथमिक शिक्षाको अवधिमा विद्यार्थीहरूले प्रभावकारी ढङ्गबाट सिक्न सक्छन्, जुन कुरा उनीहरूलाई एउटा समग्र सामाजिक प्राणी र आफूप्रति राम्रो भावना राख्ने व्यक्तिका रूपमा विकास गर्न आवश्यक सबै खाले सिकाइ/अवसर दिएर मात्रै सम्भव छ । प्राथमिक शिक्षाको समयमा उनीहरू बढी जिज्ञासु र सिक्न अगि सर्ने हुन्छन् ।

विद्यार्थीहरूले शैक्षिक रूपमा उन्नति गरिरहेका भए तापनि उनीहरूको विकासमा विद्यालयले बनाउने सामान्य नियम भनेको उनीहरूमा जीवनको सीपविकासका लागि पर्याप्त जिम्मेवारीको अवसर दिनु हो । तसर्थ, विद्यार्थीले गर्न सक्ने काम शिक्षकले गर्नु हुँदैन । शिक्षकहरूले अरू महत्त्वपूर्ण कामहरूमा ध्यान

दिनुपर्छ, जस्तै– पाठयोजना, पाठयोजनाको कार्यान्वयनका साथसाथै विद्यार्थीको मूल्याङ्कन, अभिभावकसित भेटघाट आदि । यसो गर्दा विद्यार्थीहरू :

क. आफ्नो शैक्षिक कामका लागि आफै जिम्मेवारी लिने हुन्छन् ।
ख. शिक्षकलाई कुरेर समयको खेर फाल्दैनन् र एकअर्कालाई सिकाउने/पढाउने प्रवृत्ति बसाल्न थाल्छन् ।
ग. कक्षाकोठा, विद्यालयपरिसर र चर्पी सफा राख्न एकअर्कालाई सघाउँछन् ।
घ कक्षामा बसेर दिइएको काम गर्छन् ।
ङ. नयाँ कुरा सिक्छन्, त्यो कुरा साथीलाई भन्छन् र एकअर्कालाई सिक्न मदत पुऱ्याउँछन् ।
च. सक्रिय, अरूको वास्ता राख्ने र साथै आफ्नो विकासको इच्छालाई कायम राख्दै साथीको विकासलाई पनि ध्यान दिने हुन्छन् ।
छ. समूहमा मिलेर खेल्न सक्छन् र आफ्नो पालो पर्खने बानी बसाल्छन् ।
ज. एउटा विश्वासिलो साथी बन्न सक्छन् ।
झ. घरमा आफ्नो उमेरअनुकूलका कामहरू गर्छन् ।
ञ. विद्यालय र घरमा अरूलाई सम्मान गर्न सिक्छन् ।
ट. हारमा निरुत्साहित र जितमा बढी उत्साहित हुन छाड्छन् ।
ठ. विद्यालयमा भएको, अन्य संस्थाबाट सञ्चालित वा आफैले निर्माण गरेको क्लबमा सक्रिय भएर लाग्छन् ।
ड. राम्रो काम गर्ने बानी बस्छ, विशेषरी पढ्ने कुरामा । त्यसैले राम्रा किताबहरू विद्यार्थीका साथी बन्न पुग्छन् ।

**अभिभावक र समुदाय**

क. विद्यालयका गतिविधिमा ध्यान दिने र विद्यालयसित सकारात्मक अन्तरक्रिया गर्ने अभिभावक र समुदाय,
ख. विद्यालय प्रशासनमा अभिभावकको सहभागिता र विद्यालयसुधारको योजनामा उनीहरूको संलग्नता,
ग. अभिभावकहरूबाट स्कूलमा आफ्नो उपस्थिति सहज भएको र आफ्नो कामको सराहना भएको अनुभव,
घ. सक्रिय र विद्यालयको लक्ष्य र उद्देश्य परिपूर्तिमा काम गर्ने व्यवस्थापन समिति,
ङ. आफ्ना केटाकेटीहरूको उन्नति र विकासका लागि घरमा आफ्नो भूमिका थाहा भएका अभिभावक,
च. आवश्यक परेको ठाउँमा विद्यालय/कक्षामा आफ्नो ज्ञान र सीपहरू दिने अभिभावक,
छ. विद्यालयगत तथा विद्यालयको शैक्षिक क्रियाकलापमा सघाउने अभिभावक,
ज. विद्यालयले आयोजना गरेको कार्यक्रम अथवा विद्यालयको बैठकमा आउने अभिभावक,
झ. आफ्ना केटाकेटीको विकासमा सबभन्दा बढी फाइदा आफ्नो परिवारलाई पुग्छ र त्यसैले केटाकेटीहरू जिम्मेवार, इमानदार र अरूको वास्ता गर्ने हुनुपर्छ भन्ने तथ्य बुझेका अभिभावक,
ञ. केटाकेटीको आवश्यकता विभिन्नखाले हुन्छन् र आवश्यक परेको बेलामा आफू उपस्थित हुनुपर्छ भन्ने बुझेका अभिभावक,
ट. विद्यालयका बारेमा आफ्ना केटाकेटीहरूसित सकारात्मक कुराकानी गर्दा उनीहरूमा विद्यालयप्रति राम्रो अनुभूति हुन्छ र त्यसले गर्दा विद्यालयमा उनीहरूले सक्दो ध्यान दिएर मेहनत र काम गर्छन् भन्ने बुझेका अभिभावक,
ठ. यदि विद्यालयमा राम्ररी काम भइरहेको छैन भन्ने लागेमा धक नमानीकन सम्बन्धित शिक्षक, व्यवस्थापन समिति वा प्रधानाध्यापकसित कुराकानी गर्न सक्ने अभिभावक, तर यस्तो अभ्यास सकारात्मक किसिमबाट गर्नुपर्ने,
ड. आफ्ना केटाकेटीहरूले विद्यालयमा देखाएका मनोवृत्ति र व्यवहारप्रतिको जिम्मेवारी हाम्रो हो र यसलाई विद्यालयसित मिलेर सकारात्मक बनाउनुपर्छ भन्ने बुझेका अभिभावक,
ढ. धेरै विद्यार्थी भएका विद्यालयमा शिक्षकलाई सघाउन तालिम लिने अभिभावक,
ण. विद्यालयका सुविधाहरूमा सुधार ल्याउन स्रोत जुटाउने काममा अभिभावकहरूको सहयोग,

त. बढीभन्दा बढी सीपयुक्त विद्यार्थीहरू उत्पादन गरेर दीर्घकालीन रूपमा विद्यालयले हाम्रै समुदायको उन्नतिका निम्ति काम गरिरहेको छ भन्ने अर्थमा विद्यालयलाई अहिले खाँचो परेका आवश्यकताहरू जुटाउनमा सघाउने अभिभावक ।

## विद्यालय व्यवस्थापन समिति

***विद्यालयको व्यवस्थापनअन्तर्गत विद्यालयको पात्रो (क्यालेन्डर)मै अभिभावकसितको बैठकको दिन र समय तोकेर निम्नलिखित कुराहरूमा अभिभावकहरूलाई समहभागी बनाउने कुराहरू समेटिन्छन् :***

क. विद्यार्थीहरूको विकास र घरमा उनीहरूलाई स्कूलले दिएको काम गर्नमा पूरापूर सहयोग पुऱ्याउने तरिकाहरू,
ख. विद्यार्थीहरूले घरको काम गर्नुपर्छ तर उनीहरूको उमेरसुहाउँदो काम मात्रै दिनुपर्छ भन्ने कुरा अभिभावकलाई सिकाउने,
ग. विद्यालयसुधारका सुझाउहरू र त्यसअनुसार काम गर्न अभिभावकहरूको सहयोग,
घ. आफ्नो मत दिएर विद्यालयको प्रशासनमा सहभागी हुने माध्यमहरू,
ङ. प्रधानाध्यापक र अन्य सम्बन्धित मानिसहरूको सहयोग लिएर शिक्षकको नियुक्ति र बर्खास्तीको जिम्मेवारी लिने, यो काम जिल्ला शिक्षा कार्यालयमार्फत गरिनु हुँदैन । नातावादले भूमिका नखेलोस् र अनुपयुक्त व्यक्ति कक्षाकोठामा नपसोस् भनी यस कार्यका लागि एउटा निर्देशिका/विनियम बनाउने, सम्भव भएसम्म स्थानीय उम्मेदवारलाई शिक्षकमा नियुक्ति गर्ने,
च. समितिमा प्रतिनिधित्व गर्ने अभिभावकहरू वास्तविक विद्यालयका अभिभावक हुन् कि होइनन् भनी हेर्ने,
छ. स्थानीय आवश्यकता र सन्दर्भअनुसार विद्यालयको पात्रो बनाउने स्वतन्त्रता प्रधानाध्यापकलाई ।

## भौतिक पूर्वाधार

कुनै पनि किसिमको मापदण्ड तोक्नुअगि त्यसले विद्यालयको शिक्षणसिकाइमा सुधार ल्याउँछ भन्ने कुरालाई ध्यानमा राख्नु अति आवश्यक हुन्छ । भौतिक सुविधाका न्यूनतम मापदण्डहरू सुनिश्चि हुनै पर्छ । यस्तो न्यूनतम मापदण्ड भन्नाले विद्यार्थीले पढ्न र उन्नति गर्नका लागि सुरक्षित र निश्चित स्थानको व्यवस्थालाई बुझाउँछ । उनीहरू हावा, घाम र पानीबाट जोगिने र प्रत्येक विद्यार्थीले न्यूनतम क्षेत्रफल पाएको हुनुपर्छ । त्यसका निम्ति यहाँ आधारभूत सुझाउहरू प्रस्तुत गरिएका छन् :
क. प्रत्येक कक्षामा २०-४० विद्यार्थीका लागि एउटा कक्षाकोठा । यदि कुनै कक्षामा ५० भन्दा बढी विद्यार्थी भएमा त्यस कक्षालाई दुईओटा समूहमा विभाजन गरिनुपर्छ जसअनुसार २०-२५ विद्यार्थीका लागि एउटा शिक्षकको नियुक्ति हुनु जरुरी हुन्छ । अहिलेजस्तो ३०-४० विद्यार्थीका लागि एउटा शिक्षकको व्यवस्था अप्रभावकारी हुने,
ख. एउटा कोठा– प्रधानाध्यापकलाई विद्यालयका प्रशासनिक कार्य गर्न र लेखाप्रयोजनका लागि,
ग. एउटा ठूलो कोठा– शिक्षकहरूले काम गर्ने/बैठककोठा/स्रोतकक्ष/विद्यार्थीहरूको पुस्तकालयका निम्ति,
घ. विद्यार्थीहरूलाई राम्ररी खेल्न पुग्ने खेलमैदान,
ङ. विद्यालयपरिसरलाई सुरक्षित राख्नका लागि पर्खाल,
च. चर्पी– २०० विद्यार्थी भएका प्राथमिक विद्यालयका लागि आठओटा चर्पी, केटाहरूका लागि चारओटा र केटीहरूका लागि चारओटा । शिक्षकहरूले पनि यिनै चर्पीहरू प्रयोग गर्नुपर्छ । यसो गर्दा चर्पी सफा राख्न मदत पनि पुग्ने,
छ. विद्यार्थीहरूलाई खानेपानी र चर्पीलाई सफा राख्न पुग्ने गरी पानीको व्यवस्था,
ज. पुस्तकालयका लागि किताब र साथै न्यूनतम शिक्षणका सामग्रीहरू जसलाई विद्यालयको स्रोतकक्षमा व्यवस्थित किसिमले राख्न सकिने,
झ. विशेषगरी प्राथमिक विद्यालयमा विद्यार्थीहरूका निम्ति पढ्नका लागि एउटा अतिरिक्त कोठा र त्यहाँ शैक्षिक खेलौनाहरू भएमा अझ प्रभावकारी हुने,

ञ. प्रत्येक प्राथमिक विद्यालयमा शिशुकक्षाको व्यवस्था गरिनुपर्ने, यसले कक्षा १ को सिकाइउपलब्धिमा मदत पुग्ने, यसका लागि सम्भवत: जिल्ला शिक्षा कार्यालय वा सरकारको माथिल्लो निकायले कार्य गर्नुपर्ने,

ट. समुदायको आवश्यकता हेरेर विद्यार्थीहरूलाई बिहानको पोषयुक्त खाना खाने व्यवस्था ।

**शिक्षाकर्मीलाई तालिम**

धेरै हदसम्म न्यूनतम मापदण्ड निक्यौल गर्ने कुरा प्रभावकारी तालिममा भर पर्छ । असली सामुदायिक विद्यालय निर्माण गर्ने काममा प्रधानाध्यापकहरूलाई सक्षम तुल्याउन प्रभावकारी तालिमको आवश्यकता पर्छ । त्यसैगरी, आफूसँग भएको ज्ञान र सीप शिक्षकहरूमा हस्तान्तरण गर्न र इमानतारितापूर्वक, सकारात्मक र सहयोगी भएर काम गर्ने वातावरणका लागि विद्यालयनिरीक्षक र स्रोतव्यक्तिहरूका निम्ति पनि अर्थपूर्ण तालिमको खाँचो टड्कारो छ । विद्यार्थीको सिकाइ र विकासका लागि कक्षाकोठालाई एउटा सुरक्षित स्थान बनाउन सक्षम बनाउने खालको तालिम शिक्षकहरूलाई पनि चाहिएको छ । साथै शिक्षकतालिमले घर र विद्यालयबीच गतिलो समन्वय राख्न सक्ने गरी अभिभावकहरूसित काम गर्ने खूबीको विकास गर्न शिक्षकहरूलाई प्रशिक्षित गर्नु अपरिहार्य छ । त्यसैगरी जिल्ला शिक्षा अधिकारी र शिक्षाका क्षेत्रमा काम गर्ने व्यक्तिहरूलाई तोकिएको काम गम्भीरतापूर्वक गर्न सक्षम तुल्याउने तालिम पनि अति आवश्यक छ ।

**उपसंहार**

नेपालमा धैरै स्कूलहरू छन् र विशेषगरी जुन भौतिक सुविधाका कुराहरू यहाँ उल्लेख गरिएका छन्, ती सबै सुविधा भएका धेरै सरकारी स्कूलहरू यस देशमा छन् किनभने भौतिक सुविधाको कुराले जहिले पनि महत्त्व पाएको छ । सामान्यतया यस्ता भौतिक सुविधासम्पन्न विद्यालयहरूसित कि त सक्रिय र सहयोगी समुदाय छ कि त उनीहरूले बाह्य स्रोतबाट सहयोग जुटाउन सकेका छन् । महत्त्वपूर्ण कुरा त के हो भने यस्ता न्यूनतम भौतिक मापदण्ड पुगेका स्कूलहरूले आराम नगरेर शिक्षणसिकाइका न्यूनतम मापदण्ड पूरा गर्ने काममा प्रयासरत रहनुपर्छ र त्यसलाई निरन्तरता दिनुपर्छ ।

नेपालमा धेरै स्कूलहरू छन्, जसले यहाँ भनिएका मापदण्डहरूलाई पुऱ्याउन सकेका छैनन् र कतिपय स्कूलमा त मापदण्डहरूको कुनै अंश पनि भेटिँदैन । तसर्थ हामीले कुनै पनि सरकारी/सामुदायिक विद्यालयले यहाँ भनेका न्यूनतम मापदण्डहरू पुऱ्याउन सकेका छैनन् भन्यौँ भने अतिशयोक्ति नहोला किनभने यही कारणले गर्दा नेपालमा नमुना विद्यालय भनेको यो हो भनेर देखाउने कुनै एउटा विद्यालय छैन । यस अर्थमा आउँदा वर्षहरूमा नेपाल सरकार र व्यक्तिगत रूपमा विद्यालयले पनि यहाँ उल्लेख गरिएका न्यूनतम मापदण्डहरूमा ध्यान दिनु अति महत्त्वपूर्ण हुन्छ । हार्डवेरमा काम गर्नुजस्तो स्कूलभवन, शिक्षक र पाठ्यपुस्तक त्यत्ति गाह्रा काम होइनन् । नेपालका विभिन्न ठाउँ र परिवारबाट आएका विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा (जसको उनीहरू हकदार छन्)को अवसर निर्माण गर्ने काम भौतिक पूर्वाधार जुटाउने कामभन्दा धेरै जटिल छ ।

हाम्रो देशको भविष्य अहिले प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीहरूमा निर्भर छ । यदि हामीले अहिले जे जानेका छौँ, त्यसलाई प्रभावकारी ढङ्गबाट विद्यार्थीलाई दिन सक्यौँ भने पूरा देशको अधिकतम विकास सम्भव छ । यसलाई वास्तविकतामा परिणत गर्ने-नगर्ने कुरा तपाईंहामी काम गर्नेजस्तो सङ्घसंस्थाहरू र तपाईंहामीजस्तै शिक्षाकर्मीहरूको काँधमा छ । अन्यथा, भावी पीढीले हामीलाई तिमीहरूले जे गर्न सक्थ्यौ र जति गर्न सक्थ्यौ, त्यो गरेनौ भनी दुत्कार्नेछ ।

**– अस्तु –**

***नोट–*** *यो कार्यपत्र कार्यक्रममा डा. दीक्षितले दिनुभएको दृश्यात्मक प्रस्तुतीकरणको एउटा पाटो मात्रै हो । यसले प्रस्तुतीकरणमा समावेश गरिएका जनउद्धार प्रा.वि.,काभ्रे र रातो बङ्गला साझेदारी कार्यक्रमअन्तर्गतको उपलब्धि विवरणलाई समेट्दैन ।*